# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २८ कार्यपालिकाबाट पारित मितिः २०८०।०९।२३

प्रमाणिकरणः२०८०।०९।२५

प्रकाशन मितिः २०८०।०९।२६


## भाग-२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

ठाकुरबाबा नगरपालिकाको विशेष सम्भावना भएका क्षेत्रहरुमा सघन कृषि कार्यक्रम एवम् पढ्दै कमाउदै, कमाउदै पढ्दै अवधारणा अनुरुप कृषि विज्ञान पढेका विद्यार्थिहरुलाई ब्यवहारीक अभ्यासका लागी ब्यावसायिक उत्पादन र नमुना खेतीका लागि जग्गा भाडामा लिइ कृषि यान्त्रिकरणको माध्यामवाट बाली सघनता बढाउन ठाकुरबाबा नगरपालिकाका कृषि विज्ञान अध्ययन गरीरहेका एवं अध्ययन गरीसकेका प्रशिक्षार्थी प्राविधिकहरु पहिचान गरी सघन कृषि विकास कार्यक्रमको कार्यान्वयनमा सहयोग पुरयाउन तथा श्रोतको उचित परिचालन गर्न बाञ्छनीय भएकोले, ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि २०८०

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि २०८०" रहेको छ

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "कृषि प्रशिक्षार्थी" भन्नाले दफा ५ बमोजिमको योग्यता पुगेका यस कार्यविधि बमोजिम छनौट भएका कृषि प्राविधिकलाई सम्झनुपर्दछ।

(ख) "वडा कार्यालय" भन्नाले ठाकुरबाबा नगरपालिकाको वडालाई सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले ठाकुरबाबाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(घ) "नगरसभा" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनुपर्दछ ।

(च) "शाखा" भन्नाले नगरपालिका अन्तर्गतको कृषि उपशाखालाई सम्झनुपर्दछ ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समिति सम्झनुपर्दछ ।

## परिच्छेद- २

## सघन कृषि कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**३. सघन कृषि कार्यक्रम सञ्चालन गर्नेः** नगरपालिकामा व्यवसायिक एवं प्रबिधिमूलक रुपमा खेती विस्तार गरी उत्पादन तथा उत्पादकत्व बढाउन अनूकरणीय कार्यका लागी नगरपालिकाकै स्रोत साधन परिचालन एवं नमूनाको रूपमा व्यवसायिक उत्पादन र फर्म विकास तथा विस्तारका माध्यमबाट नगरक्षेत्रभित्रका किसानहरूलाई उन्नत प्रविधि सम्बन्धी ज्ञान, सीप तथा प्रविधि हस्तान्तरण गर्न सघन कृषि कार्यक्रम सञ्चालन हुनेछ ।

**४. जग्गा छनौट तथा भाडामा लिनेः** (१) दफा ३ बमोजिम कार्यक्रम सञ्चालन गर्न नगरभित्रका जग्गाधनीहरूमध्येबाट खुला प्रतिस्पर्धाका आधारमा जग्गा छनौट एवं कलस्टर निर्धारण गर्न अनुसूची- १ बमोजिमको ढाँचामा पन्ध्र दिने सूचना आह्वान गर्नुपर्नेछ ।

(२) अनुसूची- २ बमोजिमको ढाँचामा प्राप्त आवेदनमा उल्लिखित जग्गाको स्थलगत निरीक्षण गरी प्राविधिक सम्भाव्यता लगायतका विषयहरू समेटिएको प्राविधिक प्रतिवेदनको सिफारिसका आधारमा कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी छनौट समितिले उपयुक्त जग्गा छनौट गर्नुपर्नेछ ।

(३) आवेदनमा उल्लिखित जग्गा भाडादर, जग्गा भाडा सम्बन्धी प्रचलित बजारदर, अवधि, जग्गाको क्षेत्रफल, सिँचाई सुविधा, प्राविधिक प्रतिवेदनको सिफारिस लगायतलाई जग्गा मूल्याङ्कनका आधार बनाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमका आधारहरू र आपसी सहमतिमा जग्गाधनीसँग नगरपालिकाले नियमानुसारका दायित्वहरू समेत स्पष्ट उल्लिखित गरी जग्गा भाडाको सम्झौता गर्नुपर्नेछ । सोको ढाँचा अनुसूची- ६ बमोजिम हुनेछ ।

**५. नगरपालिकाले स्रोत व्यवस्थापन गर्नेः** (१) नगरपालिकाले सघन कृषि उत्पादन कार्यक्रमका लागि वार्षिक रूपमा स्रोत व्यवस्थापन गरी लगानी गर्न सक्नेछ ।

(२) नगरपालिकाले सघन कृषि उत्पादन कार्यक्रम नगरपालिका आफैले स्वयं र अनुदानका माध्यमबाट समेत सञ्चालन गर्न सक्नेछ ।

(३) अनुदानका माध्यमबाट सघन कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्दा कृषिका क्षेत्रमा कार्यरत सामुदायिक संघ संस्था, समिति, समूह, कृषि प्राविधिक विषय अध्यापन गराउने शैक्षिक संस्थाहरूसँग कुल लागत अनुमानमा नगरपालिका र उक्त संस्थाहरूबीच पचास पचास प्रतिशतको हिस्सा रहने गरी लागत साझेदारी गर्न सकिनेछ ।
(४) इच्छुक संस्थाहरूले अनुसूची- ३ बमोजिमको ढाँचामा प्रस्तावना पेश गर्नुपर्नेछ ।
(५) वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रमको लागत अनुमान लगायत आवश्यक विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।
(६) नगरपालिकाको पचास प्रतिशत अनुदानको रकम कार्यप्रगतिका आधारमा बढीमा दुई किस्तामा सम्बन्धित संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

**६. <u>स्रोत परिचालनका क्षेत्रहरूः</u>** दफा ५ बमोजिम लगानी गर्न देहाय बमोजिमका क्षेत्रहरू रहने छन्ः-

(क) जग्गा भाडा,
(ख) मल, बीउ बीजन, बाली संरक्षण, सिँचाई,
(ग) कृषि यान्त्रिकरण,
(घ) जग्गा चक्लाबन्दी,
(ङ) जनशक्ति व्यवस्थापन,
(च) भण्डारण तथा व्यवस्थापन,
(छ) प्रशोधन, विविधिकरण, बजारीकरण,
(ज) आवश्यक अन्य सामग्रीहरूको खरिद तथा व्यवस्थापन,
(झ) कार्यपालिकाले निर्धारण गरेका अन्य क्षेत्र ।

**७. <u>संस्था छनौट गर्नेः</u>** (१) अनुदानका माध्यमबाट कार्यक्रम सञ्चालन गर्दा सम्पूर्ण विवरण खुल्ने गरी प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी संस्था छनौट गर्नुपर्नेछ ।
(२) संस्था छनौट कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको छनौट समितिले गर्नेछ ।
(३) उपदफा (२) बमोजिमको समितिले संस्था छनौट गर्दा देहायका आधारहरू लिनुपर्नेछः-

(क) संस्था कृषिजन्य क्षेत्रमा कार्य गरेको,
(ख) नियमित लेखापरीक्षण गरेको,
(ग) नियमानुसारका कानूनी कागजातहरू अद्यावधिक भएको,
(घ) संस्थाको विगत ३ वर्षको आम्दानीको अवस्था,
(ङ) संस्थाको भौतिक सम्पत्ति र जनशक्तिको अवस्था,
(च) समितिले आवश्यक ठानेका अन्य आधारहरू ।

(४) उपदफा (३) बमोजिमका आधारमा संस्था छनौट गरी योग्यताक्रमका आधारमा सूचना प्रकाशन गर्नुपर्नेछ ।
(५) छनौट भएको संस्थासँग नगरपालिकाले सम्झौता गरी आवश्यक कार्य गर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम सञ्चालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

८. **खर्च प्रक्रिया तथा आम्दानी व्यवस्थापनः** (१) सार्वजनिक खरिद र आर्थिक कानून तथा नम्स बमोजिम विनियोजित रकमहरू खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको खर्चका सम्बन्धमा आवश्यक अनुगमन गराई बिल भरपाई लगायतको फरफारक गरी भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

(३) अनुदानका माध्यमबाट कार्यक्रम सञ्चालन गर्दा नगरपालिका र अनुदानग्राही संस्थातर्फको रकमको बिल, भरपाई लगायतका कागजातहरू अलग अलग तयार पारी फरफारक समेत गरी भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

(४) आम्दानी र खर्च लगायतका विषयमा पारदर्शीता कायम गर्न सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(५) दफा ५ (२) बमोजिम नगरपालिका आफैले कार्यक्रम सञ्चालन गर्दा लगानीको प्रतिफलबाट प्राप्त रकमलाई नगरपालिकाको विविध खर्च कोषमा जम्मा गर्नुपर्नेछ ।

(६) खर्च र आम्दानी सम्बन्धी हिसाब, खाता, कागजातहरू व्यवस्थित तवरले राख्नुपर्नेछ ।

## परिच्छेद- ३
## कृषि प्रशिक्षार्थी प्राविधिक छनौट तथा परिचालन सम्बन्धी व्यवस्था

९. **कृषि प्राविधिक परिचालन हुनेः** कृषकहरुलाई व्यावसायिक प्राविधिक ज्ञान, सीप तथा कृषिसँग सम्बन्धित कार्यक्रमहरु सहजीकरण एंव जनशक्ति अभाव पूर्ति र सघन कृषि उत्पादन कार्यक्रमलाई सघाउ पुगाउन कृषि प्रशिक्षार्थी प्राविधिक (OJT) र अध्ययन पूरा गरिसकेका कृषि प्राविधिक आवश्यकताका आधारमा परिचालन हुनेछ ।

१०. **कृषि प्राविधिकका लागि चाहिने योग्यताः** सघन कृषि कार्यक्रममा परिचालन हुने कृषि प्राविधिक जनशक्ति सूचीकृतका लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(१) सघन कृषि उत्पादन कार्यक्रममा परिचालन हुने कृषि प्राविधिक जनशक्तिको लागि कृषि विषयमा प्रमाणपत्र तहको अध्ययन पूरा गरेको वा अध्ययनरत प्रशिक्षार्थी वा कृषि जेटि/जेटिए अध्ययन पूरा गरेको वा अध्ययनरत प्रशिक्षार्थी हुनुपर्ने,

(२) अठार वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने,

(३) यसै नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

(४) कम्प्युटर सम्बन्धी ज्ञान भएको हुनुपर्ने,

(५) कुनै कानूनले अयोग्य नभएको हुनुपर्ने ।

११. **कृषि प्राविधिक छनौट प्रक्रियाः** दफा १० बमोजिम योग्यता भएका इच्छुक कृषि प्राविधिकहरूलाई दफा ९ बमोजिम परिचालन गर्नका लागि देहाय बमोजिम छनौट गरिनेछः-

क) नगरपालिकाले कृषि प्राविधिकहरूको सूची तयार गर्न अनुसूची- ४ (क) बमोजिम सात दिने आवेदनको सूचना प्रकाशन गर्नेछ ।

ख) नगरपालिकाले तोकिएको अवधिभित्र अनुसूची-४ (ख) बमोजिम परेका आवेदनहरूको संक्षिप्त सूची तयार गर्नेछ ।

ग) संक्षिप्त सूचीमा समावेश भएका आवेदकहरूको अन्तर्वार्ता लिई योग्यताक्रमका आधारमा अन्तिम सूची प्रकाशित गर्नेछ ।

घ) अन्तिम सूचीमा परेका आवेदकहरूलाई कृषि प्राविधिकका रूपमा सूचीकृत गरिनेछ ।

**१२. <u>मूल्याङ्कन तथा छनौट समितिः</u>** (१) दफा ११ बमोजिम कृषि प्राविधिकको संक्षिप्त सूची तथा अन्तिम सूची तयार गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा आर्थिक विकास शाखा प्रमुख, कृषि अधिकृत, एकजना संयोजकले तोकेको व्यक्ति र कृषि उपशाखा प्रमुख सदस्य सचिव रहेको पाँच सदस्यीय मूल्याङ्कन तथा छनौट समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक बस्दा नियमानुसार भत्ता उपलब्ध गराइनेछ ।

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**१३. <u>छनौट सम्बन्धी आधारः</u>** दफा १२ बमोजिमको समितिले देहायका आधारमा संक्षिप्त र अन्तिम सूची तयार गर्नेछः-

(क) आवेदकको शैक्षिक योग्यता,

(ख) आवेदकको अनुभव,

(ग) अध्ययन गरिसकेकाको हकमा वडा कार्यालय र अध्ययनरतको हकमा सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र ।

**१४. <u>परिचालन तथा सुविधा सम्बन्धी व्यवस्थाः</u>** (१) सघन उत्पादन कृषि कार्यक्रममा कृषि प्राविधिकहरू देहाय बमोजिम परिचालन हुनेछन्:-

(क) सघन उत्पादन कृषि कार्यक्रमका लागि तोकिएको क्षेत्रलाई लक्षित गरी आवश्यकताका आधारमा परिचालन गरिनेछ ।

(ख) सघन उत्पादन कृषि कार्यक्रम सञ्चालन नभएको अवस्थामा कृषि प्राविधिकले तोकिएको सेवाकेन्द्रको मातहतमा रही सम्बन्धित वडामा तोकिए बमोजिमको कार्य गर्नुपर्नेछ ।

(२) परिचालन हुने कृषि प्राविधिकहरूलाई दैनिक हाजिरीका आधारमा खाजा बापत दुईसय रूपैयाँ, यातायात खर्च बापत पाँचसय रूपैयाँ र सञ्चार खर्च बापत मासिक पाँचसय रूपैयाँ उपलब्ध गराइनेछ ।

(३) कार्यालयको कामको सिलसिलामा अन्यत्र कहीँ परिचालन हुनुपर्ने वा तालिम, गोष्ठी आदिमा जाँदा नियमानुसार सेवा सुविधा उपलब्ध गराइनेछ ।

(४) सम्झौता र कार्यविवरण क्रमशः अनुसूची- ५ बमोजिम हुनेछ ।

**१५. <u>हाजिरी प्रमाणित र प्रगति प्रतिवेदन सम्बन्धमाः</u>** (१) परिचालन भएका कृषि प्राविधिकहरूको हाजिरी रजिष्टर सम्बन्धित सेवाकेन्द्रमा रहनेछ र सोही रजिष्टरमा दैनिक रूपमा हाजिरी गर्नुपर्नेछ ।

(२) सो हाजिरी सेवाकेन्द्र प्रमुखले प्रमाणित गरी मासिक रूपमा कृषि उपशाखामा पेश गर्नुपर्नेछ ।

(३) मासिक रूपमा आफूले कार्यसम्पादन गरेका कामहरू समेटी मासिक प्रगति प्रतिवेदन सेवाकेन्द्र मार्फत् कृषि उपशाखामा पेश गर्नुपर्नेछ ।

(४) मासिक प्रगति प्रतिवेदन अनुसूची- ७ को ढाँचामा हुनुपर्नेछ ।

## परिच्छेद- ४

## विविध

**१६. बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले सो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) कार्यविधिलाई थप स्पष्ट वा व्याख्या गर्नुपरेमा नगर कार्यपालिकाले सो स्पष्टता वा व्याख्या गर्न सक्नेछ।

**१७. संशोधन तथा खारेजः** यो कार्यविधमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

## अनूसूची- १

## (दफा ४ (१) सँग सम्बन्धित)

**सघन कृषि विकास कार्यक्रमका लागि जग्गा भाडामा दिन इच्छुक जग्गाधनी कृषक तथा साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक संस्थाहरूले आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति ................................ गते)**

प्रस्तुत विषयमा यस नगरपालिकाको वडा नं १ देखी ९ भित्र पुर्वपश्चिम राजमार्ग तथा हुलाकी राजमार्गसँग जोडिएको तथा भुरिगाँउ ठाकुरद्वारा क्षेत्र सडकआसपास, आफ्नो व्यक्तिगत नाममा दर्ता श्रेष्ता कायम भएको, कम्तीमा ५ बिघा क्षेत्रफल भएको र कलष्टर मिलेको वा मिलाइएको स्थायी प्रकृतिको जग्गा भाडामा दिन इच्छुक जग्गाधनी कृषकहरूले अनुसूची- २ बमोजिमको आवेदन तथा सघन कृषि विकास कार्यक्रम साझेदारीमा संचालन गर्न इच्छुक संस्थाहरूले अनुसूची- ३ बमोजिम प्रस्तावना र आफ्नो जग्गाको क्षेत्रफल, उपयोग तथा नाम नामेसी खुल्ने तपसिल बमोजिमका आवश्यक कागजातहरू सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति ........................ गते) कार्यालय समयभित्र यस नगरपालिकाको कृषि शाखामा सम्पर्क गरी आवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

..........................................

**तपसिलः**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- जग्गाको नापनक्सा तथा क्षेत्रफल विवरण स्पष्ट खुलाई करारमा दिन चाहेको अवधि र प्रति बिघा भाडादर खुलाएको औंठा छाप सहितको आवेदन,
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि,
- हालसम्मको मालपोत तिरेको रसिदको प्रतिलिपि,
- सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र,
- जग्गाको नाप नक्सा तथा क्षेत्रफल खुल्ने नक्सा तथा ब्लु प्रिन्ट प्रतिलिपि,
- एकै जनाको जग्गा कलष्टरमा उपलब्ध गराउन नसक्ने भए कलष्टर मिलेका दुई वा दुई भन्दा बढी जग्गाधनीहरूको समेत सहभागिता खुल्ने आवश्यक कागजातहरू,
- साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक संस्थाहरूका लागि अनसुची- ३ बमोजिमको प्रस्तावना फाराम सहित माथि उल्लेखित सम्पुर्ण कागजातहरू,
- संस्थाको हकमा दफा ७ को उपदफा (३) बमोजिमका आवश्यक कागजातहरू,
- आवश्यकता अनुसारका अन्य कागजातहरू ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि २०८०

## अनुसूची- २
## (दफा ४ (२) सँग सम्बन्धित)

**मितिः**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**ठाकुरबाबा नगरपालिका सैनवार, बर्दिया ॥**

**विषयः** सघन कृषि विकास कार्यक्रमका लागि जग्गा भाडामा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति ………………… गते प्रकाशित सूचना बमोजिम सघन कृषि उत्पादन कार्यक्रमका लागि मेरो/हाम्रो तपसिल बमोजिम व्यक्तिको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको जग्गा तपसिलको दररेटमा कम्तीमा ……… वर्षका लागि द्विपक्षीय करार सम्झौताका शर्तको अधिनमा रही भाडामा दिन इच्छुक भएकाले सूचना बमोजिमका आवश्यक कागजातहरू सहित यो निवेदन पेश गरेको/गरेका छु/छौं । म/हामी तहाँ कार्यालयले तोकेको कार्यविधिको अधिनमा रही नगरपालिकासँगको करार सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्ने अवधिसम्म कुनै बाधा व्यवधान ल्याउने छैनँ/छैनौं ।

**निवेदक**

**दस्तखतः**
**नाम/थरः**
**पदः**
**सम्पर्क मोवाइल नंः**
**ठेगानाः**
**जग्गा रहेको ठेगानाः**
**संस्था भए संस्थाको छापः**

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि २०८०

अनुसूची- ३

## (दफा ५ (४) सँग सम्बन्धित)

### साझेदारीमा सघन कृषि कार्यक्रम संचालनको
### प्रस्तावना पत्रको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
ठाकुरबाबा नगरपालिका सैनवार,बर्दिया ।

**विषय : साझेदारीमा सघन कृषि कार्यक्रम संचालन प्रस्तावना सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट सूचित भएको सूचना बमोजिम सघन कृषि उत्पादन कार्यक्रम साझेदारीमा सञ्चालनका लागि म/हाम्रो संस्थाको निर्णय प्रतिलिपि र तपसिलको विवरण सहितको प्रस्तावना पेश गरेको/गरेका छु/छौं । म/हामी त्यस कार्यालयले तोकेको कार्यविधिको अधिनमा रही नगरपालिकाको नियमानुसार अनुसार कार्यक्रम सञ्चालन गर्न पुर्ण रुपमा सहमत छु/छौं ।

**निवेदक**

हस्ताक्षर

नामः

पदः

संस्थाको छापः

तपसिलः

**कार्यक्रमको नाम :**

**सूचना मितिः**

**आवेदकको नाम :**

**कार्यक्रमको समय अवधि :**

**आवेदक निकायको जिम्मेवार/सम्पर्क व्यक्ति :**

**ठेगाना :**

**टेलिफोन/मोबाईल नं. :**

**प्रस्तावित कार्यक्रमको कूल जम्मा लागत रकम :**

**नगरपालिकाबाट माग गरिएको अनुदान रकम :**

**प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण (परिचय) :**

**कार्यक्रम लागु हुने क्षेत्रहरु :-**

**कार्यक्रमबाट लाभान्वित संख्या तथा लक्षित वर्ग :-**

**कार्यक्रमको मुख्य उद्देश्य :-**

- 
- 
- 

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

**प्रस्तावित कार्यक्रमको उपलब्धी/ दिगोपना :-**

१.

२.

**प्रस्तावित आयोजनाको सारांश :**

**प्रस्तावित आयोजनाको लागत विवरण :**

**अनुमानित लागत**

| क. स | क्रियाकलापहरु | एकाई | परिमाण | दर रू. | कार्यक्रमको जम्मा लागत रकम रू. | संस्था आफैले ब्यहोर्ने लागत रकम रू | ठाकुरबाबा नगरपालिकाको अनुदान माग रकम रू. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |

**प्रस्तावित कार्यक्रमको प्रतिफल :**

| क स: | विवरण | परिमाण | आम्दानी | बजारीकरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**स्वरोजगारी तथा रोजगारी सृजनाः..............................................**

**विविधः**

**तयार पार्ने/पेश गर्नेको नाम :**

**नाम :**

**हस्ताक्षर :**

**मितिः**

**सम्पर्क मो. नं.:**

**छाप**

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

अनूसूची- ४

(दफा ११ सँग सम्बन्धित)

क) सूचनाको ढाँचाः

सघन कृषि उत्पादन कार्यक्रमका लागी प्राविधिक प्रशिक्षार्थीहरु सूचीकृत हुने सम्वन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः२०८....। ।

प्रस्तुत विषयमा यस नगरपालिकाको स्वीकृत आर्थिक वर्ष २०८...।०.... को सघन कृषि उत्पादन कार्यक्रमका लागी कृषि प्राविधिक प्रशिक्षार्थीहरू आवश्यक परेकाले **सघन कृषि उत्पादन कार्यक्रम तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०** को प्रावधान बमोजिम कार्य गर्न इच्छुक योग्यता पुगेका ब्यक्तिहरुले तपसिल बमोजिम तोकिएका कागजातहरु सहित **यो सूचना प्रकाशन भएको मितिले ७ दिन** ( **मिति २०८...। । गते**) भित्र यस नगरपालिकाको कृषि शाखामा सूचीकृत हुन **सम्वन्धित सवैका लागी** यो सूचना प्रकाशन गरियको छ ।

...........................................

तपसिलः

- **तोकिएको ढाँचाको आवेदन,**
- **नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,**
- **शैक्षिक प्रमाण पत्रहरुका प्रतिलिपिहरू** (TSLC/ISC Ag का लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरू),
- **पासपोर्ट साइजको फोटो दुई प्रति,**
- **सम्वन्धित वडा कार्यालय तथा शैक्षिक संस्थाको सिफारिस पत्र ।**

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि २०८०

अनूसूची- ४

(दफा ११ सँग सम्बन्धित)

ख) **आवेदनको ढाँचाः**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,** **मितिः ................**

**ठाकुरबाबा नगरपालिका सैनवार, बर्दिया ।**

विषयः **कृषि प्राविधिक प्रशिक्षार्थीको रुपमा सूचीकृत गरिदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयवाट मिति २०....।....।.....गते प्रकाशित सूचना बमोजिम म पनि नगरपालिकाले तोकेको कार्यविवरण तथा सम्बन्धित कार्यक्षेत्रमा प्रशिक्षार्थीको रूपमा तोकिएको मापदण्ड बमोजिम कार्य गर्न इच्छुक भएको हुँदा सोमा सूचीकृत गरिदिनुहुन आवश्यक कागजपत्र सहित यो निवेदन पेश गर्दछु ।

**तपसिल :**

१. नागरिक्ता प्रमाणपत्र प्रतिलिपि,
२. शैक्षिक प्रमाण पत्रहरू (TSLC/ISC Ag): लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरू,
३. वडा तथा शैक्षिक संस्थाको सिफारिस पत्र ।

**निवेदक**

**नामः**

**ठेगानाः**

सम्पर्क मोवाइल नः

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

## अनुसूची- ५

(दफा १४ (४) सँग सम्बन्धित)

## कृषि प्राविधिक तथा प्रशिक्षार्थीको कार्यविवरण तथा सम्झौताको ढाँचा

### क) कार्यविवरणः

१) सघन कृषि उत्पादन कार्यक्रममा गर्नुपर्ने विभिन्न क्रियाकलापहरुको संचालन तथा सहजीकरण गर्ने ।

२) आवश्यकता अनुसार सघन कृषि उत्पादन कार्यक्रम संचालन भएको वडा तथा क्षेत्रहरूका अन्य कृषि कार्यक्रमहरुको कार्यान्वयन तथा सहजीकरण गर्ने ।

३) कृषि सेवा केन्द्र मार्फत् आफूले सम्पादन गरेका कार्यहरूको मासिक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरी कृषि शाखामा पेश गर्ने ।

४) नगरपालिकाको किसान सूचीकरण कार्य र कृषि तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने कार्यमा सहयोग गर्ने ।

५) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाहमा सहयोग गर्ने ।

६) आकस्मिक वाली संरक्षाण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा सहयोग गर्ने ।

७) कृषि बीमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण तथा सहयोग गर्ने ।

८) अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि नगरपालिकाका कृषक समुदायमा प्रचार प्रसार गर्ने।

९) स्थानीय बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने कार्यमा सहयोग गर्ने ।

१०) नगरपालिकाले तोके बमोजिमको अन्य कार्यहरू गर्ने ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि २०८०

## अनुसूची- ६
## (दफा १४ (४) सँग सम्बन्धित)
## कृषि प्राविधिक तथा प्रशिक्षार्थीको कार्यविवरण तथा सम्झौताको ढाँचा
### ख) सम्झौताः

ठाकुरबाबा नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको) र ......... जिल्ला ...............नगरपालिका/गाउँपालिका, वडा नं. ...... बस्ने ............................................. को नाति/नातिनी ......................... को छोरा/छोरी ... ...................... ना.प्र.नं............ , .......... (यसपछि दोश्रो पक्ष भनिएको) कृषि प्राविधिक/प्रशिक्षार्थीको रूपमा कामकाज गर्न गराउन मिति ...................... को निर्णयानुसार देहायका शर्तहरूको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं/दियौं ।

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नुपर्नेछ ।

२. सेवा सुविधाः यस सम्झौताको शर्त नं. १ बमोजिम काम गरे बापत कार्यविधिको दफा १४ को उपदफा (२) र (३) बमोजिम पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रूपमा सेवा सुविधा उपलब्ध गराउनेछ ।तर बिदाको दिन र काम नगरेको दिनको सेवा सुविधा उपलब्ध गराइने छैन ।

३. आचरणको पालनाः दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरू पालना गर्नुपर्नेछ ।

४. बिदाः दोस्रो पक्षलाई कुनै काम विशेषले गर्दा बिदा चाहिएमा मासिक रूपमा बढीमा ५ दिन बिदा उपलब्ध गराइनेछ ।

५. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ ।

६. गोप्यताः दोस्रो पक्षले नगरपालिकाको कागजपत्र, जिन्सी सामान लगायत इलोक्ट्रोनिक सामग्री तथा गोप्य सूचना कुनै अनधिकृत व्यक्ति वा निकायलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ ।

७. अवधिः यो सम्झौता मिति २०८ । । देखि लागु भई २०८ । । सम्मको लागि हुनेछ ।

८. दाबी नपुग्नेः दोश्रो पक्षले यस सम्झौता बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन गर्ने छैन ।

९. प्रचलित कानून लागू हुनेः यस सम्झौतामा उल्लिखित नभएका कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | |

साक्षी

नामः

पदः

इति संवत् २०..... साल ....... महिना.........गते रोज....... शुभम् ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०

## अनुसूची- ६

## (दफा ४ (४) सँग सम्बन्धित)

### जग्गा धनी र जग्गा भाडामा लिने दिने बीचको

### सम्झौतापत्र

लिखितम् .......... जिल्ला ......... न.पा./गा.पा. वडा नं .....,..........निवासी श्री...................................को नाति/नातिनी ............................ को छोरा/छोरी श्री ............................( यसपछि प्रथम पक्ष भनिने) को नाममा रहेको कि.नं. ........... को .....................................जम्मा ......... कठ्ठा क्षेत्रफलमध्येको ..................जग्गा मिति ........... देखि मिति ...........सम्मका लागि ठाकुरबाबा नगरपालिका (यसपछि दोस्रो पक्ष भनिने) लाई व्यवसायिक कृषि उत्पादन गर्ने उद्देश्यले सूचनाको आवेदनमा तोकेबमोजिम वार्षिक रू.............. प्रति कट्ठाका दरले हुन आउने जम्मा रु...........................।० -अक्षेरुपि ............................ मात्रमा ) प्रत्येक वर्षको एकमुष्ठ वा दुई किस्तामा उक्त रकम भुक्तानी गर्ने गरी उक्त जग्गा भाडामा दिन/लिन मञ्जुर हामी दुवै पक्षले तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरी यस सम्झौता पत्रमा हस्ताक्षर गरेका छौं ।

**शर्तहरू:**

१. जग्गाको क्षेत्रफल जम्मा ..................... हुनेछ र सो जग्गा सम्भावित कृषि बालीहरु तरकारी, फलफुल लगायत सम्भावित बालीहरुको व्यवसायिक खेती गर्ने प्रयोजनमा वार्षिक एकमुष्ट भाडा रु................................।० र सो रकम प्रथम पक्षलाई दोश्रो पक्षले असार मसान्तभित्र एकमुष्ठ वा दुई किस्तामा बुझाउनेछ ।

२. जग्गाको भाडा अवधि मिति .................देखि ................... हुनेछ । यदि कुनै कारणवश सम्झौता बदर गर्नुपर्ने भएमा दुवै पक्षले कारण सहित कम्तीमा तीन महिना अगाडि लिखित जानकारी दिई आपसी समझदारीमा बदर हुनेछ ।

३.जग्गामा अस्थायी प्रकृतिका बाहेक अन्य स्थायी प्रकृतिका भौतिक संरचना निर्माण गर्न पाइने छैन । तर सो जग्गाभित्र निर्माण भएका सम्पूर्ण संरचनाहरूको सुरक्षाको जिम्मा दोस्रो पक्षको हुनेछ ।

४.जग्गा भाडा अवधिसम्मका लागि प्रथम पक्षको दर्ता श्रेस्ता कायम रही हाल प्रयोगमा आएका सम्पुर्ण संरचनाहरू दोश्रो पक्षलाई उपभोग गर्न दिने र सो वापत जग्गामा जडित बिजुली पानीको महशुलको सबै रकम दोश्रो पक्षले भुक्तानी गर्नुपर्नेछ ।

५. मालपोत, बहालकर लगायतका प्रचलित कर तथा गैरकर रकमहरू बुझाउने दायित्व प्रथम पक्षमा निहित रहनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| ठेगानाः | पदः |
| | कार्यालयको छापः |

**साक्षी**

| नाम | ठेगाना | हस्ताक्षर |
|---|---|---|
| १. श्री | | |
| २. श्री | | |

इति संवत् २०..... साल ....... महिना........गते रोज......... शुभम् ।

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

<u>अनुसूची- ७</u>

(दफा १५ (४) सँग सम्बन्धित)

मासिक प्रगति प्रतिवेदनको ढाँचा

वि.सं. २०८० साल .............. महिनाको प्रगति प्रतिवेदन

**यस महिना मैले सम्पादन गरेका कार्यहरूको प्रगति देहाय बमोजिम रहेको छः-**

| मिति | कार्यक्षेत्र | कार्यहरू | सम्पादित क्रियाकलापहरू/उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| कार्यसम्पादन गर्ने कर्मचारीः | जाँच गर्नेः | प्रमाणित गर्नेः |
|---|---|---|
| सहीः | सहीः | सहीः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको सघन कृषि कार्यक्रम संचालन तथा कृषि प्रशिक्षार्थी परिचालन कार्यविधि, २०८०